"शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको अधार "




नव निर्वाचित जनप्रतिनिधिहरु वहाल पछिको एक वर्षे अवधिको

# प्रगति विवरण



पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, स्याङ्जा

https://putalibazarmun.gov.np/
putalibazarmun@gmail.com

पुतलीबजार नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्यङ्जा

नव निर्वाचित जनप्रतिनिधिहरु वहाल पछिको एक वर्ष अवधिको

प्रगति विवरण

# विषयसूची


१. नगरपालिकाको सम्क्षिप्त परिचय : ........ 3

२. आय व्यय ........ 4

३. योजना तर्फः ........ 4

४. मुख्य ठुला योजनाहरुः ........ 5

५. शिक्षा युवा तथा खेलकुद ........ 6

६. लघु उद्यम ........ 7

७. सर सफाई तर्फः ........ 8

८. पर्यटन पुर्वाधार निर्माण तथा सुधार तर्फः ........ 8

९. संझौता भई निर्माणको क्रममा रहेका पर्यटन पुर्वाधार (विभिन्न ६ वटा योजनाजम्मा ३७ लाख ) ........ 8

१०. नव प्रवर्तन साझेदारी कार्यक्रम तर्फ ........ 8

११. सार्वजनिक सुनुवाई ३ पटक सम्पन्न ........ 9

१२. सामाजिक सुरक्षाः ........ 9

१३. महिला वालवालिका तथा ज्येष्ठनागरिक उप शाखा ........ 9

१४. सहकारी तर्फः ........ 9

१५. रोजगार सेवा केन्द्र ........ 10

१६. कृषि अन्तर्गत भएका मुख्य कार्यहरु; ........ 10

१६.१ यू.एन.डी.पी अन्तर्गत भएका मुख्य कार्यहरु; ........ 10

१६.२ हरित, दीर्घकालीन र लचिलो पूर्वाधार विकास ........ 10


१६.३ संघिय सशर्त अनुदानका कार्यक्रमहरुः ........ 11

१६.४ फलफूल तथा तरकारी मूल्य-श्रृंखला विकास आयोजना ........ 11

१७. नक्सा पासः ........ 12

१८. स्वास्थ्यः ........ 13

## १. नगरपालिकाको सम्क्षिप्त परिचय :




**वडा विभाजन सहितको पुतलीबजार नगरपालिका**

पुतलीबजार नगरपालिका स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजारमा अवस्थित नगरपालिका हो | २०५३ सालमा, साविकका स्याङ्जा पुतलीबजार, करेन्डाँडा, सतुपसल, गणेशपुर र चण्डीकालिका गरि पाँच वटा गाउँ विकास समितिहरु मिलेर यस नगरपालिकाको स्थापना भएको हो | नेपाल सरकारको मिति २०७३ फाल्गुण २९ गतेको निर्णय बमोजिम राज्यको पुन संरचनमा यस पुतलीबजार नगरपालिकामा साविकका टक्सार, पौवैगौडे, ठुलाडिही, बहकोट, कोल्मा, राङ्भाङ(१-३ र ९) र पेल्काचौर (१,२,४-८) गामिन आई कुल १४ वडाको नयाँ पुतलीबजार नगरपालिकाको संरचना बनेको छ |

**भौगोलिक अवस्थिति :**

- पुर्व : कास्की जिल्ल्ला र तनहुँ जिल्ला
- पश्चिम : आँधीखोला गाउँपालिका, अर्जुन चौपारी गाउँपालिका र भिरकोट नगरपालिका
- उत्तर : कास्की जिल्ला र फेदीखोला गाउँपालिका
- दक्षिण : विरुवा गाउँपालिका र भिरकोट नगरपालिका

**जनसंख्या**

नयाँ संरचना अनुसार पुतली|बजार नगरपालिकामा ९९५५ घरधुरीमा ५६२६२ जनाको बसोबास रहेको छ | (२०७५ साल मा पुतलीबजार नगरपालिकाद्वारा संचालित घरधुरी सर्वेक्षण अनुसार)


**क्षेत्रफल**

नयाँ संरचना अनुसार पुतलीबजार नगरपालिकाको कुल क्षेत्रफल १४६.२१ वर्ग कि मिटर रहेको छ |

## २. आय व्यय

कुल आयः ८३ करोड २९ लाख ४२ हजार
कुल खर्चः ५८ करोड ८० लाख ६० हजार
चालु खर्चः ४१ करोड १८ लाख ७९ हजार
पूँजिगत खर्चः १७ करोड ६१ लाख ८१ हजार
आर्थिक विकास खर्चः ३ करोड ४२ लाख ५९ हजार
भौतिक पूर्वाधार विकास खर्चः १२ करोड ७८ लाख ६१ हजार
सामाजिक विकास खर्चः ३० करोड ६९ लाख ७१ हजार
वन वातावरण विकास खर्चः ५ लाख ४५ हजार
सुशासन तथा संस्थागत विकास खर्चः ३ करोड २१ लाख ६९ हजार
कार्यालय संचालन तथा प्रशासनिक खर्चः १५ करोड ९५ लाख २७ हजार

## ३. योजना तर्फः




| योजना | सम्पन्न संख्याः |
|---|---|
| वडास्तरीयः | ३०४ |
| नगरस्तरीयः | ६८ |
| कार्यपालिका स्तरीयः | ६ |
| सशर्त अनुदान | ६ |

## ४. मुख्य ठुला योजनाहरुः

मुख्य ठुला योजनाहरुः नगरपालिका क्षेत्र भित्र सञ्चालन भएका मुख्य मुख्य योजनाहरु र तिनीहरुको प्रगतिको अवस्था निम्नानुसार रहेको छ ।

| क्र स | योजनाको नाम | कैफीयत |
|---|---|---|
| १ | नयाँबजार ठुलाडीही मसर्गा सडक | निर्माणाधीन चरणमा |
| २ | पुतलीखेत आरुचौर सडक वैदी आमडाँडा खण्ड स्तरोन्नती | सम्झौताको चरणमा |
| ३ | वाडखोला नयाँबजार सडक पीच लत्रेपिपल देखी नयाँबजार खण्ड | सडकवोर्ड तर्फ सम्झौता भएको |
| ४ | पुतलीखेत उनियाचौर सडक नाला निर्माण र स्तरोन्नती | सम्पन्नको चरणमा |
| ५ | जार्डखोला पेल्काचौर सडक | सम्पन्न हुने चरणमा |
| ६ | लत्रेपिपल ठडोखोला ५०० पीच | प्रदेश सरकार |
| ७ | स्यानीस्वारी सिम्ले समीडाँडा लत्रेपिपल पिसीसी ढलान | प्रदेश सरकार |
| ८. | वौद स्तुपा | सम्पन्न |
| ९ | माले बगर कभर्ड हल | निर्माणाधीन चरणमा |
| १० | १० नं वडा कार्यालय भवन | निर्माणाधीन चरणमा |
| ११ | ११ नं. वडा कार्यालय भवन | निर्माणाधीन चरणमा |
| १२ | ६ नं. वडा कार्यालय भवन | निर्माणाधीन चरणमा |
| १३ | १४ नं. वडा कार्यालय भवन | निर्माणाधीन चरणमा |
| १४ | १२ नं वडा कार्यालय भवन तला थप | सम्पन्न |
| १५ | ५ नं वडा कार्यालय भवन तथा थप | सम्पन्न |
| १६ | पुतलीखेत मैदान सडक तथा काउले प्युरीदोभान सडक को डीपीआर | सम्पन्न |
| १७ | पुतलीबजार ४, ५, ७, ८, १०, ११ र १४ खानेपानी डी पी आर | सम्पन्न |
| १८ | पुतलीखेत मालेवगर नुवारभञ्याङ्ग सिरुवारी सडक डीपीआर | तयार भएको |
| २० | पुतलीबजार नगरपालिका सडक मास्टर प्लान तयारी | सुरु भएको |
| २१ | भू उपयोग तथा जग्गा वर्गीकरण कार्य | सम्झौता भई कार्य भईरहेको |

- नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत को प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडकको DPR तयार भई DPR आयोजना समन्वय कार्यालयमा स्वीकृतीको लागि पठाईएको । DPR स्वीकृत भई विश्व बैंकबाट सहमती प्राप्त हुन सम्म ठेक्का प्रकुया अगाडी बढाईने ।
- टापु सिंचाई योजना ठेक्का प्रकुया अगाडी बढाईएको ।

- यस अवधिमा थपः करीब ५.५ कि.मी. सडक कालोपत्रे भएको छ ।
- ४ वटा झोलुङ्गे पुल निर्माणाधिन अवस्थामा रहेका छन् ।
- संघ तथा प्रदेश सरकारवाट विभिन्न सडक पुल खानेपानी सिंचाई लगायतका योजनाहरु संचालनमा रहेको पनि जानकारी गराईन्छ ।

## ५. शिक्षा युवा तथा खेलकुद

१. पुतलीवजार नगरपालिकाकाको नगर शिक्षा ऐन, २०७९ जारी गरिएकोले शैक्षिक गुणस्तर सुधार तथा नगरपालिकाको शैक्षिक गतिविधि अगाडी बढाउन सहज भएको । सो ऐनको भावना बमोजिम नगरपालिका भित्रका सवै विद्यालयमा व्यवस्थापन समिति गठन भएका छन् ।

२. पढनका लागि कोठा ( Room To Read ) कार्यक्रम संग साझेदारीमा कार्यक्रम संचालनका लागि सम्झौता भई नगर भित्रका ९ वटा विद्यालयमा लागू गरिएको । सो कार्यक्रम अन्तरगत नगरपालिकाको तर्फवाट फर्निचर लगायत कक्षा ब्यबस्थापन गरिएको र तालिम लगायतका प्राविधिक क्षेत्रमा संस्थाको ब्यवस्थापन रहेको छ । हाल यो कार्यक्रम कक्षा २ सम्म लागु भएको छ । कार्यक्रमबाट विद्यार्थीको पठन सीपमा विकास भई गुणस्तरमा सुधार हुदै पुस्ताकालयको प्रयोग तथा नेपाली भाषामा सुधार देखिएको छ ।

३. ब्रिट्रिस काउन्सिल( British Council ) संस्था संग कार्यक्रम साझेदारीमा संचालनका लागि सम्झौता भई नगर भित्रका विद्यालयमा लागू गरिएको । सो कार्यक्रम अन्तरगत प्र.अ.को क्षमता अभिबृद्दि नयाँ नयाँ शिक्षण विधिको ज्ञान, कक्षाकोठा व्यवस्थापन र सिकाई शैलीमामा परिवर्तन भएको पाईएको छ । विशेष गरी अंग्रेजी भाषामा र सो विषय शिक्षकको विषयगत क्षमता पहिचान गरी सोही बमोजिम शिक्षणमा सो कार्यक्रमले विशेष जोड दिएको छ । शैक्षिक गुणस्तर सुधारमा सो कार्यक्रमको उपलब्धिहरु देखिन शुरु भएका छन् ।

४. संघीय सरकारले शुरु गरेको विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप ब्यबस्थित र गुणस्तरीय स्वस्थ खाजा विद्यार्थीले खाना पाउन भन्ने उद्धेश्यका साथ नेपाल सरकारले दिएको अनुदानमा नगरपालिकाको तर्फबाट बालविकास देखि कक्षा ३ सम्मका वालवालिकालाई प्रति दिन रु ५। का दरले थप गर्ने ब्ववस्थाबाट विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रममा सहजता पुगेको छ ।

५. पुतलीवजार नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून भएका कारण संघीय सरकारले निर्धारण गरेको दरबन्दिको परिधिभित्र रहेर दरबन्दि मिलान तथा विद्यालय समायोजन तथा बन्द गरिएको छ । यसबाट विद्यार्थी संख्या बढी भएका बिद्यलयलाई दरबन्दि उपलब्ध गराईएकोले विद्यालयको पठन पाठनमा सहजता भएको महशुस भएको छ ।

६. विद्यालयमा कार्यरत महिला शिक्षक सुत्केरी हुँदा पठन पाठनमा हुने क्षति लाई कम गर्न नगरपालिकाको तर्फबाट सुत्केरी सट्टा शिक्षकको ब्यबस्थापन गरिएको छ ।
७. राष्ट्रपति रनिङ शिल्ड, मेयर कप तथा अन्य खेलकुद र अतिरिक्त कृयाकलाप मार्फत प्रतिभा पहिचान लागयत खेलाडी उत्पादनमा सहयोग पुगेको छ ।
८. स्थानिय पाठ्यपुस्तक निर्माण गरी क्रमश लागु गरीएको छ ।
९. नगरको बार्षिक क्यालेण्डर प्रकाशन गरी शैक्षिक गतिविधिमा एक रुपता ल्याउने प्रयासको थलनी भएको छ ।
१०. संस्थागत विद्यालयले दिने छात्रबृत्तिलाई व्यबस्थित गरिएको छ ।
११. विद्यालयको जिन्सी विवरण लगत लाई व्यवस्थित गर्न र लैंगिक फोकल ब्यक्ति तथा सूचना अधिकारी व्यवस्थापन गर्न विद्यालयलाई जिम्मेवार बनाईएको छ ।
१२. कक्षा ८ को परीक्षा लाई संचालन तथा अन्य परीक्षहरुलाई ब्यवस्थित गर्नका लागि प्रयास गरिएको छ ।
१३. शैक्षिक दर्पण प्रकाशन गरी नगरवाट भएका निकासाहरुको विवरण सार्वजनिक गरिएको छ ।
१४. विशेष विद्यालयमा रहेका अपाँग विद्यार्थीलाई छात्रवृत्ति, गरुकुल, मदर्शाको ब्यबस्थापनमा सहयोग, सिकाई केन्द्रहरुलाई सहजिकरण गरिएको छ ।
१५. विद्यार्थीहरुले पाउने स्यानिटरी प्या तथा निशुल्क पाठ्यपुस्तक, छात्रवृति, अपाँग छात्रबृत्ति तथा सिकाई अनुदान बितरण गरिएको छ ।
१६. बिद्यलयहरुलाई प्रबिधि मेत्री बनाउन ICT LAB, पुस्तकालय ब्यबस्थापन तथा विज्ञान प्रयोगशाला ब्यबस्थापनमा सहयोग गरिएको छ ।

## ६. लघु उद्यम कार्यक्रम

आ.ब. २०७९/०८० मा नयाँ लघु उद्यमी सृजना तर्फ ( प्राप्त रु **२३ लाख** बजेट ) -

- ✓ गरिवी निवारणका लागि लघु-उद्यमी विकास कार्यक्रमवाट १८४ घर परिवारमा उद्यम विकासकालागि सामाजिक परीचालन सम्पन्न गरिएको छ ८३ जनालाई ८ दिने उद्यमशिलता विकास तालिम उपलव्ध गराईएको छ ।
- ✓ त्यसै गरी च्याउ खेती (३ समुह २४ जना ), बाख्रा पालन ( २ समुह २६ जना ), मौरी पालन ( १ समुह ६ जना), चुरापोते (१ समुह १ जना ) गरी - ७ वटा समुह गठन भएको
- ✓ ७३ जनालाई प्राविधिक सिप विकास तालिम प्रदान प्रदान गरिएको छ ।
- ✓ पुराना उद्यमीको स्तरउन्नती तर्फः प्राप्त रु ४ लाख बजेटवाट १६ जना लाई एडभन्स सिलाई कटाई तालिम प्रदान गरिएको छ ।

## ७. सर सफाई तर्फः

- ✓ नियमित रुपमा ( वडा नं. १,२, ३, ४, ५, १०, ११, र १४ ) ८ वडाहरुका शहरी तथा बाक्लो बस्तीको फोहोर मैला संकलन तथा व्यवस्थापन भैरहेको छ ।

## ८. पर्यटन पुर्वाधार निर्माण तथा सुधार तर्फः

- ✓ पु.ब.न.पा. ५ स्थीत ढाँडेमा मगर संस्कृति संग्रालय भवन निर्माण गरिएको (रु ३० लाखमाः )।
- ✓ पु.ब.न.पा. ७ स्थीत हरिहर मन्दिर तथा जेष्ठ नागरिक सेवा केन्द्रमा थप पुर्वाधार निर्माण गरिदै रू २५ लाख ।

## ९. संझौता भई निर्माणको क्रममा रहेका पर्यटन पुर्वाधार (विभिन्न ६ वटा योजना जम्मा ३७ लाख )

- ✓ भालुपहाड - ७ लाख
- ✓ भारकोट स्तुपा पुर्वाधार निर्माण - १० लाख
- ✓ भारकोट होम स्टे क्षमता विकास - ५ लाख
- ✓ कोल्मा होम स्टे पर्यटन पुर्वाधार निर्माण - ५ लाख
- ✓ वडा नं. २ मा भैसे गौडे सामुहिक होम स्टे पुर्वाधार निर्माण - ४ लाख
- ✓ कैलाश गुफा ( पु.ब. न. पा. ८) - ५ लाख
- ✓ तिलडाँडा पार्क स्तरउन्नती ( पु.ब.न.पा.) - ५ लाख

## १०. नव प्रवर्तन साझेदारी कार्यक्रम तर्फ

- ✓ अनलाइन भवन तथा नक्सा पास प्रणाली व्यवस्थापन –कार्यन्वयनमा आएको छ ।
- ✓ अनलाइन राज्श्व असुली प्रणाली व्यवस्थापन - अन्तिम चरणमा रहेको छ ।
- ✓ विद्युतिय सिफारिस प्रणाली व्यवस्थापन -अन्तिम चरणमा रहेको छ ।
- ✓ ई- हाजिरी प्रणाली -कार्यान्वयनमा आइसकेको छ ।
- ✓ Digital Profile. तयार भएको छ ।
- ✓ Socio- Economic Vulnerability Information Management System निर्माण गरिएको
- ✓ स्वास्थ्य व्यवस्थापन प्रणाली तयारीको क्रममा रहेको छ ।
- ✓ शिक्षक इ-हाजिरी तथा कक्षा ८ नतिजा प्रकाशन प्रणाली तयरीको क्रममा रहेका छन् ।

## ११. सार्वजनिक सुनुवाई ३ पटक सम्पन्न

- ✓ प्रतिवेदन प्राप्त गरी छलफल र जिज्ञासा तथा प्रश्नको सम्बोधन भएको छ।

## १२. सामाजिक सुरक्षाः

- ➢ यस नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता पाउन योग्य लाभग्राहीलाई तेस्रो त्रैमासिक अवधि सम्मको कुल १३ करोड ३९ लाख ६२ हजार २ सय ९१ बराबर रकम खातामा जम्मा गरिसकिएको छ।
- ➢ वृद्द असहाय र अपाङ्गहरुलाई घर घरमा नै भत्ता वितरणको व्यवस्था मिलाईएको छ।

## १३. महिला वालवालिका तथा ज्येष्ठनागरिक उप शाखा

- ➢ यस अवधिमा जम्मा १५० जना नागरिकलाई अपाङ्गता परिचय पत्र उपलव्ध गराईएको छ। त्यसै गरी ३६ जनालाई अपाङ्ग परीचयपत्र उपलव्ध गराईएको छ।
- ➢ यस अवधिमा जम्मा १६ वटा नयाँ संस्था दर्ता भएका छन भने १९ वटा पुराना संस्थाले नविकरण गरेका छन् ।
- ➢ १० वटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता भएका छन भने ४ वटाले नविकरण गरेका छन्।
- ➢ मानव वेच विखन विरुद्दको दिवस राष्ट्रिय वाल दिवस अन्तर्राष्ट्रिय अपाङ्ग दिवस लैंगिक हिंसा विरुद्दको दिवस अन्तर्राष्ट्रिय महिला दिवस लगायतका दिवसहरु सहभागितामुलक रुपमा मनाइएको छ।
- ➢ बालमैत्री स्थानीय शासन कार्यान्वयनको शिलशिलामा बालवालिका पार्श्वचित्र तयार गरिएको छ।
- ➢ एकल महिला तथा द्व्द पिडित महिला तथा दलित जनजाती र अन्य विपन्न वर्गका महिलाको क्षमता विका सम्वन्धी तालिम सम्पन्न भएको छ।
- ➢ यस अवधिमा पुर्ण अपाङ्ग तथा अशक्त अपाङ्ग ६ जनालाई ह्वीलचेयर लौरी लगायतका सहयोगी सामाग्री वितरण गरिएको छ ६४ जनालाई ग वर्गको परिचय पत्र उपलव्ध गराउनुका साथै ३१ निशुल्क स्वास्थ्य विमा गरिएको छ।

## १४. सहकारी तर्फः

- ➢ सहकारी सचेतना सहकारी कोपोमिस तालिम सम्पन्न गरिएको छ।
- ➢ यस वर्ष १० वटा सहकारीहरुको नियमित अनुगमन तथा निरीक्षण गरिएको छ।
- ➢ सहकारी आधारशिला कार्यक्रम अन्तर्गत २५ वटा सहकारीहरुमा अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ।
- ➢ पुतलीबजार नगरपालिकाको सहकारी नियमावली २०७९ तयार गरिएको छ।

- भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट प्राप्त ८२० जनालाई गरिव घर परिवारिको गरिव परिचयपत्र वितरण कार्य भएको छ ।

## १५. रोजगार सेवा केन्द्र

- २८ वटा योजनाको कार्य सम्पन्न भइ भुक्ती भएको छ जसवाट ८७ जनाले रोजगारी प्राप्त गरेका छन् ।
- श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत वडामा लाभग्राहीहरुसँग अभिमूखिकरण कार्यक्रम (१८-५९ वर्ष उमेर समूहका व्यक्तिहरुलाई सूचीकृत हुन उत्प्रेरणा/प्रोत्साहन गरेको)
- वैदेशिक रोजगार वोर्डको सचिवालयमा २ जनालाई आर्थिक सहायताको लागि सिफारिस गरिएको ।
- १५ जनालाई व्यक्तिगत श्रम स्वीकृति र पुन श्रम स्वीकृति सम्बन्धी सेवा प्रवाह गरिएको
- आगामि आ.व. २०८०/०८१ को लागि रोजगार व्यवस्थापन सूचना प्रणालीमा ११९२ बेरोजगार व्यक्ति सूचिकृत भएका छन् ।

## १६. कृषि अन्तर्गत भएका मुख्य कार्यहरु;

### १६.१ यू.एन.डी.पी अन्तर्गत भएका मुख्य कार्यहरु;

| उधमहरुको प्रकार र संख्या | |
|---|---|
| प्रकार | संख्या |
| व्यक्तिगत उद्यमहरु | ८१ |
| सामुहिक उद्यमहरु | ३०५ |
| सामुहिक तथा व्यक्तिगत उद्यमहरुले श्रीजना गरेको रोजगार | २२४ |

### १६.२ हरित, दीर्घकालीन र लचिलो पूर्वाधार विकास

| पूर्वाधार | संख्या |
|---|---|
| सुन्तालाजातको हाई टेक नर्सरी स्थापना | १ |
| हाट बजार स्थापना | २ |
| आइरन टनेल निर्माण | २५ |
| मुख्य पर्यटकीय स्थल को प्रवर्धन | ४ |
| इको-भिलेज स्थापना | ३ |
| तरकारी नर्सरी स्थापना | ५ |
| बाँसको टनेल स्थापनामा प्लास्टिक सहयोग | २८२ |
| स्थानीय कफी पसल स्थापना | १ |

| | |
|---|---|
| स्थानीय बस्तु बिक्रि केन्द्र स्थापना | १ |
| स्थानीय बस्तु प्रवर्धन केन्द्र स्थापना | १ |
| गड़ौले मल उधम स्थापना | ५ |
| कुखरा खोर निर्माणमा सहयोग | १ |
| बाख्रा खोर निर्माणमा सहयोग | ५ |
| बंगुर खोर निर्माणमा सहयोग | ५ |
| दुग्ध उत्पादन तथा प्रशोधन प्रवर्धन कार्यक्रम | १ |
| मौसमी तरकारीको वीउ वितरण | २८२ |
| माटो परिक्षण तथा कृषि चुन वितरण | १४ |

## १६.३ संघिय सशर्त अनुदानका कार्यक्रमहरु:

| क्र.स | कार्यक्रम | कैफियत |
|---|---|---|
| १. | साना व्यवसायिक कृषक उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | वडा नं ७ मा सुन्तला पकेटलाई निरन्तरता तालिम र अन्य प्राविधिक सेवा प्रदान |
| २. | सुन्तलाजात फलफुलको साना व्यवसायिक पकेट विकास कार्यक्रम | वडा नं ११ मा ३०० कलमी विरुवाको क्षेत्र विस्तार गर्दै अन्य औजारहरुमा हाते ट्याक्टर, ब्रस कटर, फल टिप्ने स्टिक, डिजिटल व्यालेन्स, बोर्डो पेस्ट, पाइप , प्लाष्टिक पोखरी वितरण भएको |
| ३. | खाधान्न बालीको उन्नतवीउ उपयोगमा मूल्य अनुदान | धानमा रामधान १०००० के जी, सुनौलो सुगन्ध १९०० के.जि ,जेठोबुढो ४०० के.जी. र साँवा मन्सुली १०० के.जी अनुदानमा वितरण भएको |
| ४. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | विभिन्न वडामा रैथाने बालीको महत्व र खेति प्रविधि सम्बन्धित तालिम संचालनको लागि प्रस्तावना पेस भएको |

## १६.४ फलफूल तथा तरकारी मूल्य-शृंखला विकास आयोजना

| क्र.स | कार्यक्रम | कैफियत | कुल बजेट |
|---|---|---|---|
| १. | बैदेशिकरोजगारीबाट फर्किएका युवाको निम्ति युवा लक्षित कार्यक्रम | ७ जनालाई २ ओटा प्लास्टिक टनेल, अन्य कृषि सामग्री सहित मिनी टिलर सहयोग गरेको । | १५,००,०००।- |
| २. | डिजीटल तराजु वितरण कार्यक्रम | वडा नं ११ स्थित सुन्तला बिक्रि केन्द्रमा ८५% अनुदानमा डिजिटल तराजु वितरण भएको | २,३२,५००।- |

| | | | |
|---|---|---|---|
| ३. | सुन्तला हर्भेस्टरस्टिक | पिपलडाँडा कृषि सहकारी संस्था, पु.ब.न.पा १३ मा -१५ वटा माजबिनी कृषि उपज उत्पादन तथा बजार व्यवस्थापन सहकारी संस्था लिमिटेड, पु.ब.न.पा-७ मा -१५वटा र सुन्तला बिक्रि केन्द्र , पु.ब.न.पा ११ मा -२० वटा वितरण भएको | १,५०,०००।- |
| ४. | प्लास्टिक क्रेट सहयोग कार्यक्रम | पिपलडाँडा कृषि सहकारी संस्था, पु.ब.न.पा १३ मा -१२० वटा,माजबिनी कृषि उपज उत्पादन तथा बजार व्यवस्थापन सहकारी संस्था लिमिटेड, पु.ब.न.पा-७ मा-१२० वटा, सुन्तला बिक्रि केन्द्र , पु.ब.न.पा ११ मा -२१० वटा, कृषि उपज संकलन केन्द्र,मलेबगरमा -२१० वटा वितरण भएको | ३,५७,०००।- |
| ५. | बालि उत्पादनोप्रान्त क्षेतिन्यूनीकरण, तरकारी फलफूलमा ग्रेडीङ तथा बजार व्यवस्थापन तालिम अवधि :३ दिन | पिपलडाँडा कृषि सहकारी संस्था, पु.ब.न.पा १३, माजबिनी कृषि उपज उत्पादन तथा बजार व्यवस्थापन सहकारी संस्था लिमिटेड, पु.ब.न.पा-७ र सूर्यमुखी कृषि सहकारी संस्था लि, पु.ब.न.पा-२ मा संचालन भई ९० जना लाभान्वित भएको | ७५,०००।- |
| ६. | व्यवसायिक तरकारी खेतिको लागि संरक्षित संरचना निर्माण | पिपलडाँडा कृषि सहकारी संस्था, पु.ब.न.पा १३,माजबिनी कृषि उपज उत्पादन तथा बजार व्यवस्थापन सहकारी संस्था लिमिटेड, पु.ब.न.पा-७ | २१,६०,०००।- |

## **१७. नक्सा पासः**

१८. यस अवधिमा ७६ वटा घरले निर्माण सम्पन्न प्रमाणपत्र लिएका छन भने ३९ वटा अभिलेखिकरण भएका छन । घर नक्सापास तर्फ १६ लाख चौसट्ठी हजार आय प्राप्त भएको छ ।

## १९. स्वास्थ्यः

| क्र.स. | सम्पादित कार्यक्रम | स्थान | लाभान्वित | कैफियत |
|---|---|---|---|---|
| १ | VIA CAMP संचालन | वडा नं. ५,६,११,१३ | ४९८ | |
| २ | स्त्री रोग सम्बन्धि स्वास्थ्य शिबिर | वडा नं. ५, ११ | १३० | |
| ३ | बृहत स्वास्थ शिविर | वडा नं. ५ | ८३४ | |
| ४ | आँखा शिविर संचालन (शैल्यक्रिया – ९७ जना, चस्मा वितरण – ९०२) | हरेक वडा | ४१०२ | |
| ५ | कोभिड -१९ खोप संचालन दोस्रो तथा १२ वर्ष माथी तेस्रो तथा चौथो बुस्टर सेवा | हरेक वडा | ३७०८ | |
| ६ | पुर्ण खोप सुनिश्चितताका कागि घर धुरी सर्भेक्षणको लागि | हरेक वडा | हरेक वडा | |
| ७ | जिल्ला अस्पतालमा बल्ड वैंक सञ्चालन, डायलाईसिस सेवा सञ्चालनको लागि कर्मचारीलाई तालिम व्यवस्थापन | | १ | |
| ८ | स्तनपान कक्ष निर्माण तथा सञ्चालन | न.पा. | १ | |
| ९ | जेष्ठ नागरिक निशुल्क स्वास्थ्य औषधी वितरण कार्यक्रम | हरेक वडा | ६०४३ | |
| १० | माझि बोटे गन्दर्भ कुमाल समुदायका घर परिवारलाई निःशुल्क स्वास्थ्य विमा सेवा | हरेक वडा | १२८ परिवार | |
| ११ | गर्भवति महिलालाई क्यालसियम चक्कि वितरण | हरेक वडा | १११७ जना | |
| १२ | विपन्न नागरिक औषधी उपचार सिफारिस | हरेक वडा | ७७ जना | |
| १३ | बिपन्न नागरिक मासिक औषधी उपचार खर्च | हरेक वडा | ९३ | |
| १४ | सुत्केरी आमा पोषिलो खाना वितरण | हरेक वडा | ७३ | |
| १५ | पोषण सुविधा अन्तर्गत दलित, अपाङ्ग, अति विपन्न , पिछडिपको लागि प्रति सुत्केरी ९००० का दरले वितरणको लागि डाटा संकलन | हरेक वडा | प्रदेश मार्फत | |
| १६ | स्वास्थ्य स्वयं सेविकालाई मासिक यातायत खर्च वितरण | हरेक वडा | १२००/ प्रतिमहिना | |
| १७ | OTC केन्द्र स्थापना एवं सञ्चालन | वडा नं. ११ | १ | |
| १८ | नाक कान घाटी सम्बन्धीत शिक्षक म.स्वा. सेविका तथा स्वास्थ्य कर्मीलाई तालिम सम्पन्न | न.पा. | १२५ | |
| १९ | ग वर्ग अपाङ्गता भएकाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम | न.पा. | ३० परिवार | |